# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६८ फागुन २८ गते

## विद्यालय बन्दको घोषणा तत्काल फिर्ता गरियोस्

नेपाल शिक्षक युनियनसमेतको शिक्षक संघ/संगठनको संलग्नतामा गरिएको २०६८ साल फागुन २८ गतेदेखि अनिश्चितकालीन रुपमा विद्यालय बन्दको घोषणाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर रुपमा ध्यानाकर्षण भएको छ ।

पटक पटकको विद्यालय बन्दको घोषणाबाट निर्वाध शिक्षा प्राप्त गर्न पाउने बालबालिकाहरुको नैसर्गिक हकको हनन् भएको छ । शैक्षिक क्षेत्रमा भएको निरन्तरको बन्द र हड्तालबाट लाखौं विद्यार्थीहरुको शैक्षिक अधिकारमा धक्का लाग्नुका साथै शिक्षक संघ/संगठनको समेत सहभागितामा नेपाल सरकारले जारी गरेको 'विद्यालय शान्ति क्षेत्र ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८' को समेत उल्लंघन भएको छ ।

शिक्षक समुदायले उठाएको जायज मागलाई वार्ताको माध्यमबाट न्यायसंगत एवम् विवेकपूर्ण ढंगले सम्बोधन गर्न र विद्यालय बन्दको घोषणा तत्काल फिर्ता लिने वातावरण तयार पार्न शिक्षक, नेपाल सरकार एवम् सरोकारवाला निकायहरुसंग राष्ट्रिय मानव अधिकार आयोग आग्रह गर्दछ ।

नेपाल सरकार र शिक्षक संघ/संगठनको सार्वजनिक अभिव्यक्तिबाट पैदा भएको असहज र तनावपूर्ण वातावरणलाई यथाशक्य छिटो अन्त्य गर्न पनि दुवै पक्षलाई आयोग हार्दिक आव्हान गर्दछ ।

(वेदप्रसाद भट्टराई)
निर्देशक